## नेपाल

## सहस्राब्दी विकास लक्ष्य द्रुत खाका

# नेपालमा सरसफाइ पहुँचमा तीव्र सुधार योजना






नेपाल

## सहस्राब्दी विकास लक्ष्य द्रुत खाका

# नेपालमा सरसफाइ पहुँचमा तीव्र सुधार योजना

अँग्रेजी मूल पुस्तक
**"Nepal MDGs Acceleration Framework, Improving Access to Sanitaion"** बाट
अनौपचारिक संक्षिप्त अनुवाद

प्रथम प्रकाशन, सन् २०१३ : १०,००० प्रति

मुद्रण : मास्टरपिस् विद इम्प्याजिनेशन
४११११७१६
**mail@masterpiecewi.com.np**

# १. सहस्राब्दी विकास लक्ष्य द्रुत खाका के हो ?

सहस्राब्दी विकास लक्ष्यहरूमध्ये सन् २०१५ सम्म हासिल गर्न कठिन तथा चुनौतीपूर्ण लक्ष्यहरूलाई द्रुतगतिमा हासिल गर्न संयुक्त राष्ट्रसंघबाट विकसित विशिष्ठ विधिलाई सहस्राब्दी विकास लक्ष्य द्रुत खाका (सस्राद्रुखा) भनिन्छ । यसलाई अंग्रेजीमा MDG Acceleration Framework (MAF) भनिन्छ । संसारका विभिन्न ४४ देशहरूमा हाल ती देशहरूका सरकार तथा सम्बन्धित सरोकारवालाहरूको संयुक्त प्रयासमा सस्राद्रुखा विधि अपनाएर सबैभन्दा पछाडि रहेका तथा चुनौतीपूर्ण सहस्राब्दी विकास लक्ष्यलाई द्रुतता दिने प्रयास भइरहेको छ । ती ४४ देशहरू मध्ये दक्षिण पूर्व एशियामा नौ देशहरू नेपाल, भुटान, बंगलादेश, माल्दिभ्स, इन्डोनेशिया, पपुवा न्युगिनी, लाओस, कम्बोडिया तथा फिलिपिन्स पर्दछन् ।

यो विधि (सस्राद्रुखा)ले सहस्राब्दी विकास लक्ष्य हासिल गर्न बाधा पुऱ्याउने अवरोधहरूको पहिचान तथा विश्लेषण, अवरोधहरूको समाधान गर्ने उपायहरू खोजी गर्दै रणनीतिक कार्ययोजना तर्जुमा गरी सहस्राब्दी विकास लक्ष्य हासिल गर्न सघाउँछ । यसबाट सरकार तथा सम्बन्धित सरोकारवालाहरू बीचको विद्यमान साझेदारी तथा समन्वय सुदृढ भई सहस्राब्दी विकास लक्ष्य संयुक्त रूपमा छिटो तरीकाबाट हासिल गर्न समेत मद्दत पुग्दछ । यस विधिमार्फत विद्यमान कार्यक्रम तथा योजनालाई प्रभावकारी बनाउन कार्ययोजना तथा लघु रणनीतिक कार्यक्रमहरू सफलतापूर्वक संचालन गर्नुपर्दछ ।

# २. सहस्राब्दी विकास लक्ष्य द्रुत खाकाको विकास प्रकृया

सस्राद्रुखा विकास प्रक्रियामा निम्न ६ क्रियाकलापहरू तहगत रूपमा गरिन्छन् :

क) चुनौतीपूर्ण वा पछाडि परेका सहस्राब्दी विकास लक्ष्यहरू पहिचान गर्ने,

ख) छनौट भएका सहस्राब्दी विकास लक्ष्यहरू तीव्रताका साथ हासिल गर्न विद्यमान केही प्रमुख अभियान तथा पहलहरू पहिचान गर्ने,

ग) छनौट भएका प्रमुख अभियान तथा पहलहरू कार्यान्वयन गर्दा सम्भावित अवरोधहरूको प्राथमिकीकरण गर्ने,

घ) छनौट भएका अवरोधहरूलाई समाधान गर्न कम समय तथा लागतमा सहज तरीकाबाट कार्यान्वयन गर्न सकिने समाधानका उपायहरूको प्राथमिकीकरण गर्ने,

ङ) जिम्मेवार सरोकारवालाहरू तथा श्रोत पहिचान सहितको राष्ट्रिय कार्ययोजना तयार गर्ने र

च) राष्ट्रिय कार्ययोजनालाई सफलतापूर्वक कार्यान्वयन गर्ने ।

# ३. नेपालले सरसफाइ सहस्राब्दी विकास लक्ष्य द्रुत खाका प्रकृयालाई छनौट गर्नका कारण

नेपालमा विगत ११ वर्षमा चर्पीको पहुँच ३० प्रतिशत (सन् २०००) बाट बढेर ६२ प्रतिशत (सन् २०११) पुगेको छ[१]। यस तथ्याङ्कबाट वार्षिक सरदर चर्पी वृद्धिदर करिव ३ प्रतिशत रहेकोछ । नेपाल सरकारले सन् २०१५ सम्म ८० प्रतिशत र सन् २०१७ सम्म शत् प्रतिशत घर परिवारमा चर्पीको पहुँच पुऱ्याउने लक्ष्य लिएको छ । तसर्थ सन् २०१७ सम्म राष्ट्रिय लक्ष्य प्राप्त गर्न चर्पी निर्माणको वृद्धिदर ३ प्रतिशतबाट बढाएर दोब्बर अर्थात् ६ प्रतिशत पुऱ्याउन आवश्यक छ[२]।

सहस्राब्दी विकास लक्ष्यको लक्ष्य ७ अर्न्तगत सहायक लक्ष्य ३ (ग) सरसफाइसँग सम्बन्धित छ । दिगो तथा सुधारिएको सरसफाइमा पहुँच नहुने जनसंख्यालाई कम्तिमा आधामा झार्ने उक्त सहायक लक्ष्यको उद्देश्य हो । त्यसैले सन् २०१५ सम्म ५३ प्रतिशत जनसंख्याको सरसफाइमा पहुँच पुऱ्याउनु नेपालको सरसफाइ प्रवर्धनको लक्ष्य हो । तथापि नेपाल सरकारले सरसफाइ गुरुयोजनामा उल्लेख गरे अनुसार सन् २०१५ सम्म ८० प्रतिशत र सन् २०१७ सम्म शत प्रतिशत जनसंख्यामा सुधारिएको चर्पीको पहुँच पुऱ्याउने राष्ट्रिय लक्ष्य लिएको छ ।

विद्यालय सरसफाइ तर्फ करिब ८० प्रतिशत सामुदायिक विद्यालयहरुमा शौचालयको पहुँच रहेको छ । त्यसैगरी करीब ६५ प्रतिशत सामुदायिक विद्यालयमा छात्रालाई छुट्टै शौचालयको व्यवस्था छ[३]। तर १ सय ४७ विद्यार्थीहरुले एक शौचालय कोठा प्रयोग गर्नु परेको छ, जबकी शिक्षा विभागको राष्ट्रिय मापन अनुसार ५० विद्यार्थीहरुले एक शौचालय कोठा प्रयोग गर्नुपर्दछ । यसरी प्रष्ट हुन्छ की विद्यालयहरुमा शौचालय भएपनि प्रयोगको दृष्टिले निक्कै अपर्याप्त सुविधा देखिन्छ । यी अपर्याप्त शौचालयको सुविधाको कारण विशेषगरी छात्राहरुले कक्षा छोड्न परेको अध्ययनहरुले देखाएको छ । साथै शौचालयहरु लैङ्गिकमैत्री (महिनावारी व्यवस्थापन लगायत अन्य) सम्बन्धी सुविधा नहुँदा छात्राहरुको विद्यालय उपस्थिती वार्षिक २५ प्रतिशतले कमी पाइएको छ । हालैको एक सर्वेक्षण अनुसार सरकारी अस्पतालका बहिरङ्ग विभागका करीब

१. (a) Nepal MDGs- Progress Report 2010, NPC/UNCT, (b) National Population and Housing Census 2011, CBS
२. Sanitation and Hygiene Master Plan-2011, NSHCC
३. School Level Educational Statistics of Nepal, Consolidated Report, 2011, DOE

७५ प्रतिशत रोगीहरू खानेपानी तथा सरसफाइ जन्य रोगसंग सम्बन्धित छन् । वर्षेनी झाडापखाला तथा निमोनियाका कारण ५ वर्ष मुनीका करीब १० हजार ५ सय बालबालिकाहरू मर्ने गरेका पाइन्छन् ।

सरसफाइ सम्बन्धी मार्गनिर्देशक लक्ष्य, सहस्राब्दी विकास लक्ष्य ३ (लैङ्गिक समानता) र सहस्राब्दी विकास लक्ष्य ४ (बाल मृत्युदर) सँग पनि प्रत्यक्ष रूपमा सम्बन्धित छ । साथै सरसफाइ एक मानव अधिकार सम्बन्धी पनि विषय हो । हालैका वर्षहरूमा सरसफाइ प्रति राजनैतिक प्रतिवद्धता तथा विकास साझेदारहरूको सरसफाइप्रति बढ्दो चासो देखिएको छ । सन् २०११ मा नेपाल सरकारले सरसफाइ गुरूयोजना समेत लागू गरेको छ । खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा रणनीतिहरू पनि विद्यमान छन् । तथापि नीति तथा रणनीतिको कार्यान्वयन तथा सरोकारवालाहरूको समन्वय पक्षमा केही कमजोरी देखिएको छ । अझै पनि सरसफाइ गुरूयोजनाको प्रतिकुल हुने गरी चर्पी बनाउन अनुदान सहयोग कायमै रहनु तथा अनुदानको मात्रामा विविधता विद्यमान हुनु चुनौतीपूर्ण रहेकोछ । साथै राष्ट्रिय स्तरमा चर्पीको पहुँच सन्तोषजनक देखिए पनि क्षेत्रगत, जातजाति तथा विभिन्न आर्थिक स्तरका वर्गहरूमा व्यापक असमानता छ ।

हालैका वर्षहरूमा नेपालमा खुल्ला दिसामुक्त अभियानको सफलताका कारण सन् २०१५ सम्म सहस्राब्दी विकास लक्ष्यले निर्दिष्ट गरेको सरसफाइ सम्बन्धी सहायक लक्ष्य सो वर्ष भन्दा पहिले नै हासिल भइसकेता पनि सरसफाइ गुरूयोजना अनुसार सन् २०१५ सम्म ८० प्रतिशत र सन् २०१७ सम्म शतप्रतिशत घरमा चर्पीको पहुँच पुर्‍याउने राष्ट्रिय लक्ष्य चुनौतीपूर्ण भएकाले राष्ट्रिय योजना आयोगले सरसफाइ सहायक लक्ष्यलाई सस्राद्रुखा प्रक्रियाद्वारा तीव्रता दिई राष्ट्रिय लक्ष्य हासील गर्नको लागि कटिबद्ध छ ।

## ४. सहस्राब्दी विकास लक्ष्य द्रुत खाका र सरसफाइ गुरुयोजनाको सम्बन्ध

यो सस्राद्रुखा सरसफाइ गुरूयोजना प्रभावकारी रूपमा कार्यान्वयन गर्ने सहायक पुस्तिका हो । गुरूयोजनामा नीति, रणनीति, विधि तथा संगठन संरचनाको व्यवस्था भएको छ भने यस पुस्तिकामा गुरूयोजना कार्यान्वयन गर्न देखापरेका तथा सम्भावित अवरोधहरूलाई फुकाउन रणनीतिक कार्ययोजनाहरूको पहिचान गरिएको छ । साथै सो कार्ययोजना कार्यान्वयन गर्न सरोकारवाला, बजेट तथा समय सीमा समेत तोकिएकोछ ।

# ५. सरसफाइमा असमानता: एक झलक

राष्ट्रिय स्तरमा सरसफाइ प्रवर्धनको उपलब्धी उत्साहजनक भए पनि सबै भौगोलिक क्षेत्रहरू, आर्थिक स्तरका वर्गहरू तथा सबै जातजातिका समूहहरूमा समान पहुँच नभई व्यापक असमानता देखिएको छ । क्षेत्रगत हिसावले ग्रामीण, तराई र सुदुर पश्चिमाञ्चल विकास क्षेत्रका साथै दलित एवं विपन्न परिवारमा चर्पीको पहुँच ज्यादै न्यून रहेको छ । ग्रामीण क्षेत्रमा ५५ प्रतिशत घर परिवारमामात्र चर्पीको पहुँच रहेकोछ । तराईका २० जिल्लाहरूमध्ये १६ जिल्लाहरूमा र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा चर्पीको पहुँच सरदर राष्ट्रिय पहुँचभन्दा न्यून रहेकोछ । एक तथ्यांक अनुसार विपन्न परिवार मध्ये करिव ४ प्रतिशतको घरमामात्र चर्पी छ भने मधेसी दलित परिवार करिव ५ प्रतिशतको घरमामात्र चर्पीमा पहुँच छ । त्यसैगरी देशका विभिन्न २५ जिल्लाहरूमा ५० प्रतिशतभन्दा कम परिवारमा चर्पीको पहुँच रहेकाले सरसफाइलाई संयुक्त राष्ट्र संघको विश्वव्यापी रूपमा चालु सस्राद्धुखा प्रक्रियाद्वारा तीव्रता दिने उद्देश्यले सहस्राब्दी विकास लक्ष्यको ८ लक्ष्यहरू मध्ये सरसफाइ सहायक लक्ष्यलाई चयन गरिएको हो ।



सरसफाइमा असमान पहुँच निम्न तालिकामा दिइएको छ ।

| असमानताको क्षेत्र | सरसफाइमा पहुँचको दायरा |
|---|---|
| क) विकास क्षेत्र | ४७–७३ **प्रतिशत**: सुदूर पश्चिमाञ्चल विकास क्षेत्र ४७.३ प्रतिशत, मध्य पश्चिमाञ्चल विकास क्षेत्र ५१.४ प्रतिशत, पूर्वाञ्चल विकास क्षेत्र ६०.३ प्रतिशत, मध्यमाञ्चल विकास क्षेत्र ६३.९ प्रतिशत र पश्मिाञ्चल विकास क्षेत्र ७३ प्रतिशत |
| ख) जिल्लाहरू | २१–१०० **प्रतिशत**: ३७ जिल्लाहरू ६२ प्रतिशत भन्दा कम, २५ जिल्लाहरू ५० प्रतिशत भन्दा कम र ४ जिल्लाहरू १०० प्रतिशत |
| ग) भौगोलिक क्षेत्रहरू | ४९–७५ **प्रतिशत**: तराईका १६ जिल्लाहरूमा ५० प्रतिशत भन्दा कम, १८ पहाडी तथा हिमाली जिल्लाहरू ६२ प्रतिशत भन्दा कम |
| घ) ग्रामीण तथा सहरी क्षेत्रहरू | ५५–९१ **प्रतिशत**: ग्रामीण क्षेत्रमा चर्पीको पहुँच ५५ प्रतिशत र सहरी क्षेत्रमा ९१ प्रतिशत । |
| ङ) जातजाति | ५–७२ **प्रतिशत**: मधेसी दलितको चर्पीमा पहुँच ५ प्रतिशत, तराई जनजातिको चर्पीमा पहुँच १९ प्रतिशत र नेवारको ७२ प्रतिशत |
| च) आर्थिक स्तर | ४–९७ **प्रतिशत**: अति विपन्न परिवारको चर्पीमा पहुँच ४ प्रतिशत र सम्पन्न परिवारको ९७ प्रतिशत |

स्रोत: National Population and Housing Census 2011, CBS

## ६. सहस्राब्दी विकास लक्ष्य द्रुत खाका प्रक्रिया अवलम्वनका लागि प्राथमिकीरण भएका सरसफाइ सम्बन्धी प्रमुख अभियान तथा पहलहरु

नेपालमा सरसफाइ सम्बन्धी सबै सरोकारवालाहरूको छलफलद्वारा विद्यमान विभिन्न अभियान तथा पहलहरू मध्ये निम्न ४ अभियान तथा पहलहरू अति महत्वपूर्ण रहेको र तिनीहरूलाई तीव्रता दिन सकिएमा नेपालले सरसफाइ क्षेत्रमा छलाङ्गमारी राष्ट्रिय लक्ष्य प्राप्त गर्न सकिने विश्लेषण गरिएको छ ।

## क) खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरुको क्रियाशीलता

सरसफाइ गुरूयोजनामा विभिन्न तहमा खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमहरू तर्जुमा, कार्यान्वयन तथा अनुगमन, मुल्याङ्कन गर्न खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरूको गठन तथा स्थापनाको व्यवस्था भएको छ। तथापी कतिपय गा.वि.स., नगरपालिका तथा जिल्लाहरूमा समिति गठन हुन बाँकी छन् र गठन भएका कतिपय समितिहरूमा उत्तरदायित्व भूमिका, मानवीय तथा आर्थिक श्रोतमा क्षमता अभिवृद्धि गर्न पर्ने खाँचो रहेको छ ।

## ख) विभिन्न तहमा सरसफाइ सम्बन्धी मानव संसाधनको क्षमता अभिवृद्धि

सरसफाइ गुरूयोजनाले राष्ट्रव्यापी रूपमा पूर्ण सरसफाइ पद्धतिबाट सरसफाइ अभियान संचालन गर्ने व्यवस्था गरेको छ। यस पद्धति अनुसार समुदाय तथा सरोकारवालाहरूलाई परिचालन गर्न विभिन्न तहमा सरसफाइ उत्प्रेरक/प्रज्वलकहरूको आवश्यकता पर्दछ। यसको सुरूवात मध्य पश्चिमाञ्चल तथा सुदुर पश्चिमाञ्चल विकास क्षेत्रहरूमा त्यहाँका क्षेत्रीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरूबाट पहिलो पटक गरियो। जस अनुसार हरेक जिल्लामा ३ देखि ५ जना जिल्ला स्तरीय प्रशिक्षकहरूको विकास गरियो। तत्पश्चात ती प्रशिक्षकहरूबाट हरेक गा.वि.स.मा २ देखि ५ जना गा.वि.स. स्तरीय सरसफाइ उत्प्रेरक/प्रज्वलकहरू विकास गरी परिचालन गरिएको छ। यो पद्धति क्रमश विकासका अन्य क्षेत्रहरूमा पनि लागू गरिंदैछ ।

## ग) खुल्ला दिसामुक्त घोषणा अभियानलाई सशक्त पारी सरसफाइको पहुँचमा वृद्धि गर्ने

सरसफाइ गुरूयोजनाले कुनै पनि सरसफाइ प्रवर्धन कार्यक्रमका लागि खुल्ला दिसामुक्त घोषणा न्यूनतम शर्तको रूपमा उल्लेख गरिएको छ। यसले खुल्ला दिसामुक्त घोषणाको लागि गा.वि.स. को सम्पूर्ण क्षेत्रलाई न्यूनतम इकाइको रूपमा लिएको छ। तसर्थ जिल्लास्तरीय सरसफाइ कार्यक्रम योजना तर्जुमाका लागि खुल्ला दिसामुक्त घोषणाका लागि गा.वि.स.हरूको संख्या उल्लेख हुनुपर्नेछ। राष्ट्रियस्तरको योजना तर्जुमाका लागि खुल्ला दिसामुक्त घोषणा गर्न जिल्लाहरूको संख्या उल्लेख हुनुपर्ने व्यवस्था छ। हालैको वर्षहरूमा धेरै जिल्लाहरूमा जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरूले उनीहरूको जिल्लालाई सन् २०१७ मन्दा अगावै खुल्ला दिसामुक्त क्षेत्र घोषणा गर्ने योजना बनाएका छन्। सन् २०१२ को अन्तसम्म ४ जिल्लाहरू-

कास्की, चितवन, तनहुँ तथा म्याग्दी खुल्ला दिसामुक्त क्षेत्र घोषणा जिल्लाहरू भईसकेका छन् । त्यसैगरी ६ सय भन्दा बढी गा.वि.स.हरू, ५ नगरपालिकाहरू तथा २ हजार भन्दा बढी सामुदायिक विद्यालयहरू समेत खुल्ला दिसामुक्त क्षेत्र घोषणा भईसकेका छन् । अन्य दर्जनौं जिल्लाहरू सन् २०१३ मा खुल्ला दिसामुक्त क्षेत्र घोषणा गर्ने तयारीमा जुटेका छन् ।

नेपाल सरकारको वार्षिक योजनाहरूको सूचकमा जिल्ला, गा.वि.स. तथा नगरपालिकाहरूको खुल्ला दिसामुक्त क्षेत्र घोषणा गर्ने योजना रहेको छ । तर सबै जिल्ला, गा.वि.स. तथा नगरपालिकाहरूलाई सन् २०१७ सम्म खुल्ला दिसामुक्त क्षेत्र घोषणा गर्न र त्यसको दिगोपन कायम राख्नु सक्नु प्रमुख चुनौती रहेको छ ।

## घ) विद्यालयमा खानेपानी, सरसफाइ र स्वच्छता कार्यक्रम अभिवृद्धि गर्ने

नेपाल सरकारले प्रत्येक वर्ष देशभरी नै विद्यालय शौचालय कार्यक्रम संचालन गर्ने गर्दछ । प्रति वर्ष ३ हजार देखि ५ हजार सामुदायिक विद्यालयहरूमा शौचालय निर्माण गर्ने योजना बनाएकोछ । प्रत्येक विद्यालयलाई शौचालय बनाउन रू.एक लाख पचास हजारदेखि दुई लाखसम्म अनुदान दिने नीति छ । केही वर्ष यतादेखि छात्राहरूका लागि शौचालय बनाउन समेत छुट्टै कार्यक्रमको थालनी भएको छ । यूनिसेफको सहयोगमा खानेपानी, ढल निकास विभाग र नेपाल रेडक्रस सोसाइटीले सन् २००० देखि



विद्यालय सरसफाइ शिक्षा कार्यक्रम लागू गरेको छ । त्यसैगरी सन् २००६ देखि विद्यालयको अगुवाईमा पूर्ण सरसफाइ कार्यक्रम पनि लागू भएको छ । विद्यालय सरसफाइ कार्यक्रमले समुदायमा व्यवहार परिवर्तन गर्न तथा शौचालय पहुँच वृद्धि गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइएकोछ । विद्यालय सरसफाइ कार्यक्रम अर्न्तगत शौचालय निर्माणसँगै व्यवहार परिवर्तन तथा चेतनामूलक कार्यक्रमहरू पनि साथसाथै सँचालन गर्नको लागि यस्को सुनिश्चितता प्रदान गर्न प्रमुख चुनौतीको रूपमा पाइएको छ ।

## सरसफाइ सम्बन्धी प्रमुख अभियान तथा पहलहरूको संक्षिप्त विवरण

| सहस्राब्दी विकास लक्ष्य | सूचक | प्रमुख कार्यक्रम | सहायक कार्यक्रम |
|---|---|---|---|
| लक्ष्य ७: दिगो वातावरणको सुनिश्चितता | सुधारिएको चर्पी प्रयोग गर्ने जनसंख्याको अनुपात | खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरूको सक्रियता अभिवृद्धि | राष्ट्रियस्तरको समितिहरूको क्षमता अभिवृद्धि |
| | | | क्षेत्रीय तथा जिल्लास्तरीय समन्वय समितिहरूको क्षमता अभिवृद्धि<br>गा.वि.स. तथा नगरपालिकास्तरीय समन्वय समितिहरूको क्षमता अभिवृद्धि |
| | | विभिन्न तहमा सरसफाइ सम्बन्धी मानवीय श्रोतको क्षमता अभिवृद्धि | सरसफाइ उत्प्रेरक/प्रज्वलकहरू परिचालन गरी सरसफाइ सुविधाको माग वृद्धि गर्ने |
| | | | सरसफाइको पहुँचमा अभिवृद्धि गर्ने |
| | | खुल्ला दिसामुक्त अभियानलाई सशक्त बनाउँदै सरसफाइको पहुँचमा वृद्धि गर्ने | तराई तथा बाढी ग्रस्त क्षेत्रमा सरसफाइको पहुँच वृद्धि गर्ने |
| | | | सहरी क्षेत्रमा विशेष गरी सुकुम्बासी क्षेत्रमा सरसफाइको पहुँच वृद्धि गर्ने |
| | | | खुल्ला दिसामुक्त घोषणा पश्चातका गतिविधिहरूको निरन्तरता कायम गर्ने |
| | | विद्यालयमा खानेपानी, सरसफाइ र स्वच्छता कार्यक्रम अभिवृद्धि गर्ने | विद्यालयहरूमा सरसफाइको पहुँच तथा सुविधाको पर्याप्ततामा वृद्धि गर्ने |

# ७. सरसफाइ विकासमा अवरोध विश्लेषण

विद्यमान सरसफाइ प्रवर्धनमा प्रयास तथा पहलहरूको तीव्र प्रभावकारिताका लागि अवरोधहरूको विश्लेषण विभिन्न तहमा गरिएकोछ । राष्ट्रिय स्तरका अलावा ४ जिल्लाहरू- बर्दिया, तनहुँ, रौतहट तथा सुनसरीमा जिल्ला, गा.वि.स, नगरपालिका, विद्यालय तथा समुदायस्तरमा व्यापक रूपमा अवरोध विश्लेषण अन्तरक्रिया गरियो । राष्ट्रियस्तरको अन्तरक्रियाबाट विशेषत नीति, योजना तथा वित्त सम्बन्धी अवरोधहरू पहिचान भए भने तल्लो स्तरका अन्तरक्रियाहरूबाट सेवा विस्तार तथा सेवा माग/प्रयोग सम्बन्धी अवरोधहरू पहिचान गरिएको थियो ।

राष्ट्रिय सरसफाइ कार्यदल, सहस्राब्दी विकास लक्ष्य द्रुत खाका निर्देशक समिति[४]तथा सहस्राब्दी विकास लक्ष्य द्रुत खाका प्राविधिक समिति[५]ले यी विभिन्न तहका अवरोधहरूको संकलन तथा विश्लेषण गरी अन्तिम रूप दिइएको हो :

**क) नीति/संस्थागत तथा समन्वय सम्बन्धी अवरोधहरू**

- अपेक्षीत रूपमा विभिन्नस्तरमा संस्थागत समन्वयमा कमी ।
- चर्पी निर्माणका लागि अझै पनि कतिपय संस्थाहरूमा अनुदान र सहयोग नीतिमा निरन्तरता र विविधता रहेको ।
- विभिन्न तहको खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरूमा पर्याप्त मानवीय र आर्थिक स्रोतको कमी ।

**ख) वित्त र आर्थिक सम्बन्धी अवरोधहरू**

- स्थानीय निकायहरूबाट सरसफाइमा बजेट विनियोजन गर्न निर्देशिकामा अस्पष्टता ।
- धेरै जिल्लाहरूमा खुल्ला दिसामुक्त अभियान संचालन गर्न आन्तरिक स्रोतको कमी ।
- विद्यालयहरूमा शौचालय निर्माणका लागि समुदायले लगानी गर्न असमर्थ ।
- विभिन्न तहका खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिहरूको क्रियाशीलताको लागि पर्याप्त बजेटको व्यवस्था नहुनु वा अपर्याप्त हुनु ।
- जिल्ला शिक्षा कार्यालयको विद्यालय शौचालय शीर्षकको बजेटमा खानेपानी, महिनावारी व्यवस्थापन सुविधा तथा सरसफाइ प्रर्वद्धनका लागि खर्च समावेश नहुनु ।

---

४. MAF Steering Committee: Chair NPC member, members- secretaries of Ministry of Urban Development, Education, Federal affairs and loca development, health and population, women, children and social welfare and National Plannnig Commission; member secretary- Joint Secretary of NPC

५. MAF Technical Committee: Chair- NPC secretary, members- Joint Secretaries of Ministry of Urban Development, Education, Federal affairs and loca development, health and population, women, children and social welfare, Director General of Department of Water Supply and Sewarage, and of Local Infrastructure Development and Agriculture Roads, UNICEF, ADB, World Bank, WaterAid and NEWAH.

### ग) सेवा विस्तार सम्बन्धी अवरोधहरू

- सरसफाइ गुरूयोजना बारेमा सबै क्षेत्र, जिल्ला, गा.वि.स. तथा नगरपालिका स्तरमा प्रचार प्रसारमा कमी ।
- सरसफाइ अभियानका लागि विभिन्न स्तरमा मानवीय स्रोतहरूको कमी ।
- सरसफाइ अभियानमा जिल्ला शिक्षा अन्तर्गतका कर्मचारीहरूको न्यून परिचालन तथा अनुगमन पद्धतिमा कमी ।
- खुल्ला दिसामुक्त घोषणा पश्चात यसलाई दिगोपन दिन क्रियाकलापमा कमी ।
- सुकुम्बासी क्षेत्र गैरकानुनी बस्ती भएकाले नेपाल सरकार सो क्षेत्रहरूमा सरसफाइमा लगानी गर्न अनिच्छुक ।
- नगरपालिकाहरू ढल निर्माण तथा डम्पिङ्ग साइट निर्माणलाई बढी प्राथमिकीकरण गर्ने न की घरेलु चर्पी निर्माणलाई ।

### घ) सेवा प्रयोग सम्बन्धी अवरोधहरू

- कतिपय समुदायहरूमा चर्पी निर्माणका लागि आवश्यक पर्ने चर्पीका सामग्रीहरू सुलभ र सुपथ मूल्यमा उपलब्ध नहुने ।
- समुदायमा स्थानीय सान्दर्भिकता तथा कम लागत पर्ने चर्पीबारे पूरा जानकारी उपलब्ध नहुने गरेको ।
- विद्यालयहरूमा बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री चर्पीको व्यवस्था नभएको ।
- सार्वजनीक शौचालय तथा तिनीहरूको मर्मत सम्भारको विषयमा त्यति धेरै चासो नहुनु ।
- विद्यालयका शौचालयहरूमा बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री सुविधा तथा सफा राख्नका लागि पानीको सुविधामा कमी ।
- सार्वजनिक स्थानहरू जस्तै : बस बिसौनी स्टेशन, हाट बजार लाग्ने ठाँउ आदिमा सार्वजनिक शौचालयको अभाव ।

## ८. सरसफाइ अवरोध विश्लेषण तथा रणनीतिक समाधानका उपायहरु

राष्ट्रिय, क्षेत्रीय, जिल्ला, गा.वि.स., नगरपालिका, विद्यालय तथा समुदाय स्तरीय अवरोध विश्लेषण गोष्ठीहरूको अन्तरक्रियाबाट सरसफाइ क्षेत्रको अवरोधलाई हटाउन विभिन्न रणनीतिक उपायहरू पहिचान गरिएको छ । जसबाट प्रगतिलाई तीव्रता दिने अपेक्षा गर्न सकिन्छ । रणनीतिक उपायहरू पहिचान गर्दा त्यसले पार्ने प्रभाव, दिगोपन, छोटो समयमै उपलब्धी हासील गर्न सकिने, वित्तीय संभावना तथा कार्यान्वयन गर्न सकिने पक्षलाई ध्यान दिइएकोछ ।

नोभम्वर ३०, २०१२ मा बसेको सहस्राब्दी विकास लक्ष्य द्रुत स्वाका निर्देशक समिति तथा सहस्राब्दी विकास लक्ष्य द्रुत स्वाका प्रविधिक समितिको संयुक्त बैठकबाट तथा डिसेम्बर २६, २०१२ मा आयोजित राष्ट्रियस्तरको प्रमाणीकरण गोष्ठीबाट निम्न लिखित रणनीतिक उपायहरू अनुमोदन भएका छन् ।

## ८.१ सरसफाइ प्रवर्धनका अवरोधको विश्लेषण तथा समाधानका रणनीतिक उपायहरु

| अवरोधहरू | समाधानका उपायहरू | प्रमुख जिम्मेवारी |
|---|---|---|
| राष्ट्रिय स्तरको समितिहरूमा सम्बन्धित मन्त्रालय तथा विभागहरूको सहभागिता अपेक्षा गरे भन्दा कम भएको | सरसफाइ क्षेत्रलाई उचाई प्रदान गर्न राष्ट्रिय योजना आयोगका माननीय सदस्यको अध्यक्षतामा सहरी विकास, संघीय मामला तथा स्थानीय विकास, शिक्षा, स्वास्थ्य तथा जनसंख्या, र महिला, बालबालिका तथा सामाजिक सेवा मन्त्रालयका सचिवज्यूहरू सदस्य रहेको उच्च स्तरीय सरसफाइ सल्लाहकार समिति गठन गर्ने | राष्ट्रिय योजना आयोग |
| समितिहरूमा अपेक्षाकृत बजेट, मानवीय संसाधन, संचार तथा अन्य भौतिक सुविधाहरूको अपर्याप्तता | सबै तहका सरसफाइ समन्वय समितिहरूले सचिवालय र कार्यक्रम संचालन गर्न वार्षिक बजेट विनियोजन गर्ने | सबै तहका खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरू |
| हरेक तहका समितिहरूमा निश्चित सम्पर्क व्यक्ति (Focal Person) नतोकिएकाले हरेक बैठकहरूमा भिन्न व्यक्तिहरूको उपस्थिति हुने हुनाले बैठकको प्रभावकारितामा कमी | हरेक तहको खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरूको कार्यलाई चुस्तता दिन एक जना अधिकृत निर्दिष्ट गर्ने | सबै तहका खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरू |
| अनुगमन मूल्याङ्कन पद्धति स्थापित नभएको | केन्द्रदेखि गा.वि.स. तथा नगरपालिका स्तरीय समन्वय समितिले एक जना सरसफाइ निरीक्षक नियुक्त गरी रणनीतिक कार्ययोजना तथा खुल्ला दिसामुक्त सूचकको विश्वसनीय आधिकारिक अनुगमन गर्ने<br><br>अन्तरमन्त्रालय एकिकृत अनुगमन मूल्याङ्कन खाका बनाउने | सबै तहका खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरू |

| अवरोधहरु | समाधानका उपायहरु | प्रमुख जिम्मेवारी |
|---|---|---|
| स्थानीय निकायहरूबाट सरसफाइ कार्यक्रममा बजेट विनियोजन गर्न निर्देशिकामा अस्पस्टता | स्थानीय निकायहरूलाई सरसफाइमा बजेट विनियोजन गर्न जिल्ला गरिवी नक्शाङ्कन तथा विश्लेषण पद्धति (District Poverty Mapping and Analysis System, DPMAS) तथा न्यूनतम कार्य सम्पादन शर्त (Minimum Conditions for Performance Measurement, MCPM ) परिमार्जन गर्ने । | संघीय मामला तथा स्थानीय विकास मन्त्रालय |
| कतिपय जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरूबाट अझै पनि जिल्लाको सरसफाइ रणनीतिक कार्ययोजना तर्जुमा हुन बाँकी<br>कतिपय जिल्लाहरूमा रणनीतिक कार्ययोजना अनुसार कार्यक्रम संचालन हुन नसकेको<br>धेरै गा.वि.स.हरूमा रणनीतिक कार्ययोजना तर्जुमा गर्न दक्षतामा कमी | प्रत्येक जिल्ला, गा.वि.स. तथा नगरपालिका स्तरीय समन्वय समितिले रणनीतिक कार्ययोजना बनाई सरसफाइ कार्यक्रम लागू गर्ने<br>प्रत्येक वर्ष जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरूले सरसफाइ रणनीतिक कार्ययोजना पुनरावलोकन गोष्ठी सञ्चालन गर्ने<br>हरेक तहको खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति अन्तर्गत कम्तिमा ३३ प्रतिशत महिला सदस्य सुनिश्चित गरी सरसफाइ कार्यदल गठन गर्ने | जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरू |
| धेरै जिल्लाहरूमा खुल्ला दिसामुक्त कार्यक्रम संचालन गर्न आन्तरिक श्रोतको कमी | प्रत्येक गा.वि.स., नगरपालिका, जिल्ला तथा केन्द्रीय स्तरमा समेत सरसफाइ अभियानका लागि डाले कोष स्थापना गर्ने, वैकल्पिक रूपमा डाले कार्यक्रम तय गर्ने | सबै तहका खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरू |
| धेरै जिल्ला, गा.वि.स. तथा नगरपालिकाहरूमा सरसफाइ गुरुयोजनाको प्रचार प्रसार हुन बाँकी<br>सरसफाइ अभियानमा कतिपय जिल्लाहरूमा राजनीतिक दलहरूको कम सहभागिता | सरसफाइ गुरुयोजनाको पुस्तिकाहरू हरेक गा.वि.स, नगरपालिकाहरू समेतमा वितरण गर्ने तथा यसका बारेमा प्रचार प्रसार गोष्ठीहरू सञ्चालन गर्ने<br>जिल्ला तहमा सबै राजनीतिक दलहरूलाई उनीहरूको चुनावी घोषणापत्र तथा नीतिमा सरसफाइ समेत उल्लेख गराउन पैरवी गर्ने । | जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरू |

## ८.२ विभिन्न तहमा सरसफाइ सम्बन्धी मानवीय श्रोतको क्षमता सम्बन्धी अवरोधहरु तथा समाधानका उपायहरु

| अवरोधहरु | समाधानका उपायहरु | प्रमुख जिम्मेवारी |
|---|---|---|
| राष्ट्रिय, क्षेत्रीय तथा जिल्ला स्तरमा सरसफाइ सम्बन्धी विज्ञ, श्रोत व्यक्ति तथा प्रशिक्षकहरूको सूची नहुँदा मानवीय श्रोत सम्बन्धी कम जानकारी | सबै तहका समन्वय समितिहरूले सरसफाइ सम्बन्धी विज्ञ, श्रोत व्यक्ति तथा प्रशिक्षकहरूको सूची तयार गर्ने तथा अद्यावधिक गर्ने | सबै तहका खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरू |
| विभिन्न स्तरमा पूर्ण सरसफाइ सम्बन्धी तालिम संचालन गर्न तालिम प्रशिक्षक पुस्तिका तथा सामग्रीहरूको कमी | केन्द्रदेखि गा.वि.स. सम्मको सरसफाइ सम्बन्धी मानवीय स्रोतको विकासका लागि चाहिने तालिमको स्तरीय पाठ्यक्रम तथा सामग्री विकास गर्ने | राष्ट्रिय सरसफाइ तथा स्वच्छता समन्वय समिति |
| सरसफाइ उत्प्रेरक तथा प्रज्वलकहरूको विकास तथा परिचालन गर्न वित्तिय अभाव | केन्द्रीय, क्षेत्रीय, जिल्ला तहले खुल्ला दिसामुक्त अभियान संचालन गर्न सरसफाइ सम्बन्धी मानवीय स्रोतको विकास तथा परिचालन गर्ने ।<br><br>गा.वि.स. तथा नगरपालिका स्तरमा सरसफाइ उत्प्रेरक/प्रज्वलकहरूको विकास तथा परिचालनका लागि स्थानीय निकायहरूबाट उचित बजेट विनियोजन गर्ने | सबै तहका खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरू |
| कतिपय स्थानहरूमा उत्प्रेरक तथा प्रज्वलकहरूको औपचारिक पहिचान वा नियुक्ति नहुँदा उनीहरु कम उत्साही भएको | स्थानीय निकायहरूबाट उत्प्रेरक तथा प्रज्वलकहरूलाई परिचय पत्र प्रदान गर्ने | जि.वि.स. तथा गा.वि.स. हरू |
| उत्प्रेरक तथा प्रज्वलकहरूमा चर्पीको प्राविधिक पक्ष बारे जानकारी नहुँदा चर्पी प्रवर्धनमा अप्ठेरो परेको | उत्प्रेरक तथा प्रज्वलकहरूको आधारभूत तथा पुनर्ताजगी तालिम पाठ्यक्रममा चर्पीको प्राविधिक विषय समावेश गर्ने | राष्ट्रिय सरसफाइ तथा स्वच्छता समन्वय समिति |

## ८.३ खुल्ला दिसामुक्त अभियान सम्बन्धी अवरोधहरु तथा समाधानका उपायहरु

| अवरोधहरु | समाधानका उपायहरु | प्रमुख जिम्मेवारी |
|---|---|---|
| सरसफाइ गुरुयोजनामा चर्पी निर्माणका लागि अनुदानरहित व्यवस्था प्रष्ट हुँदाहुँदै विभिन्न स्तरमा अनुदान सम्बन्धी भ्रम रहेको | नेपाल सरकारले घरेलु चर्पी निर्माण गर्न अनुदान दिने कार्यलाई अन्त्य गरेको सार्वजनिक घोषणा गर्ने । | उच्चस्तरीय सरसफाइ सल्लाहकार समिति |
| | सम्बन्धित सबै मन्त्रालयहरूले तिनीहरूका मातहतका कार्यालयहरूलाई घरेलु चर्पी निर्माणका लागि अनुदानविना सरसफाइ कार्यक्रम गर्न, गराउन परिपत्र तथा निर्देशन पठाउने | |
| | सरसफाइ गुरुयोजना तथा यसको कार्यान्वयन निर्देशिका सबै जिल्ला, गा.वि.स. तथा नगरपालिकाहरूमा गोष्ठी, पोष्टर, पम्प्लेट तथा अन्य संचार माध्यमहरूबाट व्यापक रूपमा प्रचार प्रसार गर्ने | राष्ट्रिय सरसफाइ तथा स्वच्छता समन्वय समिति |
| धेरैजसो जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरूमा खुल्ला दिसामुक्त अभियानका लागि वित्तिय समस्या भई प्रभावकारी रूपमा अभियान संचालन हुन नसकेको | सम्बन्धित मन्त्रालयहरूले सरसफाइमा प्राथमिकतामा परेका जिल्लाहरूको खुल्ला दिसामुक्त अभियानका लागि वार्षिक बजेट विनियोजन गर्ने | उच्चस्तरीय सरसफाइ सल्लाहकार समिति |
| | संघीय मामला तथा स्थानीय विकास मन्त्रालयले खुल्ला दिसामुक्त घोषणा गर्ने जिल्लाहरूको जि.वि.स.लाई खुला दिसा मुक्त घोषणा गरिने आर्थिक वर्षका लागि बजेट विनियोजन गर्ने प्रथालाई निरन्तरता दिने | संघीय मामला तथा स्थानीय विकास मन्त्रालय |

| अवरोधहरु | समाधानका उपायहरु | प्रमुख जिम्मेवारी |
|---|---|---|
| अति विपन्न परिवार पहिचान गर्ने सूचक प्रभावकारी रूपमा प्रयोग नहुँदा विपन्न परिवार सरसफाइ कार्यक्रममा समाहित हुन नसकेको | स्थानीय स्तरमै अति विपन्न परिवार पहिचान गर्ने सूचक बनाई स्थानीय स्तरमै श्रोतको समेत पहिचान गरी अति विपन्न परिवारलाई चर्पी निर्माणमा विशेष सहयोग जुटाउने | जिल्ला तथा गाविस वा नगरपालिका स्तरीय खानेपानी तथा सरसफाइ तथा स्वच्छता समन्वय समितिहरू |
| दलित तथा जनजाति लक्षित कार्यक्रमहरूको कमी वा कम प्रभावकारी | प्रत्येक जिल्ला खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिले अति विपन्न दलित तथा अन्य लक्षित जनजातिका लागि विशेष सरसफाइ कार्यक्रम वनाई लागू गर्ने | जिल्ला खानेपानी तथा सरसफाइ तथा स्वच्छता समन्वय समितिहरू |
| विशेष गरी दुर्गम जिल्लाहरूमा चर्पी निर्माणका लागि आवश्यक पर्ने सामग्री एकै ठाँउमा नपाइने हुनाले चर्पी निर्माणमा कमी रुची | राष्ट्रिय सरसफाइ बजारीकरण नीति बनाई सरसफाइ क्षेत्रमा निजी क्षेत्रको सहभागिता बढाउने | राष्ट्रिय सरसफाइ तथा स्वच्छता समन्वय समिति |
| कतिपय समुदायहरूमा चर्पीको लागत बारे जानकारी नभएको र चर्पीको लागत सामान्यतया “अत्यधिक” हुने गलत धारणा रहेको | विशेषगरी तराई, बाढीक्षेत्र तथा अति विपन्न परिवारका लागि लक्षित गरी चर्पीको प्राविधिक डिजाइन तथा लागत तयार गरी प्रचार प्रसार गर्ने र कम लागतका नमूना चर्पीहरू बनाउने | राष्ट्रिय सरसफाइ तथा स्वच्छता समन्वय समिति |
| सबै ठाँउमा एकै प्रकारको सरसफाइ कार्यक्रम हुने गरेको सरसफाइमा कम पहुँच भएको वा पछाडि परेको स्थान जस्तैः तराई क्षेत्रहरूमा लक्षित कार्यक्रम नभएको | सरसफाइमा ५० प्रतिशत भन्दा कम पहुँच भएका जिल्लाहरूलाई घनीभूत खुल्ला दिसामुक्त अभियान संचालन गर्न केन्द्रीय बजेट विनियोजन गर्ने | राष्ट्रिय सरसफाइ तथा स्वच्छता समन्वय समिति |

| अवरोधहरु | समाधानका उपायहरु | प्रमुख जिम्मेवारी |
|---|---|---|
| राजमार्गहरूमा सार्वजनिक शौचालयको अभावमा खुल्ला ठाउँमा दिसा गरिने हँदा राजमार्ग हुने स्थानहरूलाई खुल्ला दिसामुक्त घोषणा गर्न कठिन भइरहेको | सडक विभागले तराईको राजमार्गको हकमा प्रत्येक ५० कि.मी. तथा पहाडको राजमार्गको हकमा प्रत्येक २५ कि.मी.मा समुदाय वा निजी क्षेत्रको साझेदारीमा सार्वजानिक शौचालयको व्यवस्था गर्ने | सडक विभाग |
| | राजमार्गमा अवस्थित प्रत्येक पेट्रोल पम्पमा सार्वजनिक शौचालय बनाउन निर्देशन दिने | आपूर्ति मन्त्रालय |
| | जिल्लालाई खुल्ला दिसामुक्त घोषणा गर्न कम्तीमा हाटबजार लाग्ने ठाउँ तथा बसपार्कमा सार्वजनिक शौचालयको अनिवार्य व्यवस्था हुनुपर्ने | जि.वि.स. वा सम्बन्धित नगरपालिका |
| स्वास्थ्य संस्था तथा तिनका कर्मचारीहरू खुल्ला दिसामुक्त अभियानमा कम सहभागिता भएको | स्वास्थ्य मन्त्रालयले सबै तहका स्वास्थ्य प्रदायक संस्थाहरूलाई महिला स्वास्थ्य स्वयम्सेविकाहरू समेत परिचालन गरी खुल्ला दिसामुक्त अभियानमा सक्रिय सहभागी हुन तथा सबै चिकित्सकको प्रेस्क्रिप्सन कार्डमा "चर्पी प्रयाग गरौं" र "साबुन वानीले हात धोऔं" लेख्नको लागि भनि परिपत्र गर्ने | स्वास्थ्य मन्त्रालय |
| तराई क्षेत्रमा प्राय चर्पीको लागत अन्य क्षेत्रमा भन्दा बढी हुने भएकाले सरसफाइ प्रवर्धनमा कठिनाइ | कम लागतका चर्पीको विकास गरी व्यापक रूपमा प्रचार प्रसार गर्ने | राष्ट्रिय सरसफाइ तथा स्वच्छता समन्वय समिति |
| तराईका समुदायहरूमा प्राय खुल्ला स्थानमा दिसा गर्ने प्रथालाई समुदायले सामान्य रूपमा लिने गरेको | नेपाल सरकारले खुल्ला दिसा गर्ने प्रथालाई सार्वजनिक रूपमा प्रतिबन्ध घोषणा गर्ने | उच्चस्तरीय सरसफाइ सल्लाहकार समिति |

| अवरोधहरु | समाधानका उपायहरु | प्रमुख जिम्मेवारी |
|---|---|---|
| | जिल्ला, गा.वि.स. तथा नगरपालिका स्तरीय खानेपानी, सरसफाइ, स्वच्छता समन्वय समितिहरूले खुल्ला स्थानमा दिसा गर्ने प्रथालाई निरुत्साही गर्न स्थानीय सामाजिक नियमहरू बनाउने | जिल्ला, गा.वि.स. तथा नगरपालिका स्तरीय खानेपानी, सरसफाइ, स्वच्छता समन्वय समितिहरू |
| ससुरा र बुहारीले एउटै चर्पी प्रयोग गर्न नहुने (तराई) र महिनावारी भएको महिलाले घरको चर्पी प्रयोग गर्न नहुने (मध्य पश्चिम तथा सुदूर पश्चिमका पहाडि जिल्लाहरू) कु-प्रथाले गर्दा चर्पी प्रवर्धनमा कठिनाई | कु-प्रथा हटाउन मद्दत पुर्‍याउने शैक्षिक सामग्रीहरू विकास गरी प्रचार प्रसार गर्ने | राष्ट्रिय सरसफाइ तथा स्वच्छता समन्वय समिति |
| सहरी क्षेत्रमा विशेषगरी सुकुम्बासी क्षेत्रमा चर्पी निर्माण गर्न स्थानीय निकाय अनिच्छुक र प्रचलित कानुनले समेत कुनै भौतिक सुविधा बनाउन प्रावधान नगरेको हुनाले त्यस्ता ठाँउमा चर्पी प्रवर्धनमा कठिनाई | प्रत्येक नगरपालिकाले यदि सुकुम्वासी क्षेत्र भए सो क्षेत्रका लागि विशेष सरसफाइ कार्यक्रम लागू गर्ने | संघीय मामला तथा स्थानीय विकास मन्त्रालय |
| नगरपालिकाले घरेलु चर्पी भन्दा ढल निकास तथा डम्पिङ्ग साइट निर्माणलाई प्राथमिकीकरण गर्ने गरेको | नगरपालिकामा घर निर्माण स्वीकृत हुन चर्पी अनिवार्य शर्तको रूपमा नियम बनाउने | संघीय मामला तथा स्थानीय विकास मन्त्रालय |
| खुल्ला दिसा मुक्त घोषणा कार्यक्रम पश्चात नियमित अनुगमनमा कमी | सबै गा.वि.स, नगरपालिका, तथा जिल्लाहरूले खुल्ला दिसामुक्त घोषणा पश्चातका कार्यक्रमका लागि नियमित रूपमा बजेट विनियोजन गर्ने | जिल्ला, गा.वि.स. तथा नगरपालिका स्तरीय खानेपानी, सरसफाइ, स्वच्छता समन्वय समितिहरू |

## ८.४ विद्यालयमा खानेपानी, सरसफाइ र स्वच्छता कार्यक्रम सम्बन्धी अवरोधहरु तथा समाधानका उपायहरु

| अवरोधहरु | समाधानका उपायहरु | प्रमुख जिम्मेवारी |
|---|---|---|
| जिल्लास्तरीय विद्यालय सरसफाइ कार्यक्रम योजना तर्जुमा गर्दा जिल्ला शिक्षा कार्यलय र जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति बीच समन्वयमा कमी | विद्यालय सरसफाइ कार्यक्रमलाई जिल्लास्तरीय खानेपानी तथा सरसफाइ कार्यक्रमसँग एकिकृत गर्ने<br>नेपाल सरकारले "चर्पी सहितको विद्यालय" अभियान शुरु गर्ने | जिल्ला खानेपानी, सरसफाइ, स्वच्छता समन्वय समिति<br>शिक्षा मन्त्रालय |
| विद्यालय शौचालय निर्माणको लागि जिल्ला शिक्षा कार्यालयबाट प्राप्त हुने रकम वास्तविक लागत भन्दा धेरै कमी हुने भएकाले समुदायको लगानी अत्यधिक आवश्यक पर्ने | शिक्षा मन्त्रालयले विद्यालय शौचालय निर्माणका लागि एकमुस्ट रकमको सट्टामा वास्तविक लागतको आधारमा बजेट छुट्याउनु पर्नेछ । उक्त रकम मध्ये सम्बन्धित समुदायले २० प्रतिशत रकम सह लगानी गर्नुपर्ने | शिक्षा मन्त्रालय |
| पानीको असुविधाका कारण विद्यालयमा निर्मित शौचालयको प्रयोग तथा सम्भारमा कमी | विद्यमान तथा भविष्यमा बन्ने सबै विद्यालय शौचालय, महिनावारी व्यवस्थापन, साबुन पानीले हातधुने व्यवस्था अनिवार्य गर्ने | शिक्षा मन्त्रालय |
| शिक्षा मन्त्रालयबाट विनियोजित रकम शौचालय निर्माणमा मात्र खर्च हुने भएकाले सरसफाइ प्रवर्धन कमजोर | विद्यालय सरसफाइ कार्यक्रम लागू भएका विद्यालयहरूमा मौलिक तथा सृजनात्मक नमुना अवधारणामा कार्यक्रम लागू गर्न बजेटको व्यवस्था गर्ने | शिक्षा मन्त्रालय |
| विद्यमान विद्यालय शौचालयमा छात्राहरूका लागि महिनावारी व्यवस्थापन सुविधाको अभावले छात्राहरूको कक्षा उपस्थितिमा कमी | शिक्षा मन्त्रालयबाट छात्राका लागि शौचालय कार्यक्रमलाई निरन्तरता दिदै महिनावारी व्यवस्थापन, साबुन पानीले हात धुने सुविधा तथा खानेपानीको व्यवस्था समेत गर्नु पर्ने | शिक्षा मन्त्रालय |

| अवरोधहरु | समाधानका उपायहरु | प्रमुख जिम्मेवारी |
|---|---|---|
| विद्यालय निरीक्षक तथा श्रोत व्यक्तिहरूको अनुगमन सूचीमा “विद्यालय सरसफाइ” नभएको | शिक्षा विभागले विद्यालय श्रोतव्यक्ति तथा निरीक्षकहरूको अनुगमन तालिकामा सरसफाइ समेत समावेश गर्ने | शिक्षा मन्त्रालय |
| “विद्यालय सुधार योजना”को निर्देशिकामा सरसफाइ सम्बन्धी व्यवस्था नभएको | शिक्षा विभागले विद्यालय सुधार योजना निर्देशिकामा सरसफाइ समेत समावेश गरि परिमार्जन गर्ने | शिक्षा मन्त्रालय |



# नेपालमा सरसफाइ पहुँचको स्थिति

| क्षेत्र | जम्मा घरधुरी | चर्पी भएका घरधुरी (प्रतिशत) |
|---|---|---|
| नेपाल | ५,४२३,२९७ | ६१.८ ०० |
| **सहरी / ग्रामीण** | | |
| सहरी | १,०४५,५७५ | ९०.९०० |
| ग्रामीण | ४,३७७,७२२ | ५४.९०० |
| भौगोलिक क्षेत्र | | |
| हिमाल | ३६३,६९८ | ६०.१०० |
| पहाड | २,५३२,०४१ | ७५.१०० |
| तराई | २,५२७,५५८ | ४८.८०० |
| **विकास क्षेत्र** | | |
| पूर्वाञ्चल विकास क्षेत्र | १,२३०,७४३ | ६०.३०० |
| मध्यमाञ्चल विकास क्षेत्र | १,९६२,२३८ | ७५.१०० |
| पश्चिमाञ्चल विकास क्षेत्र | १,०६५,५९९ | ७३.०००० |
| मध्य-पश्चिमाञ्चल विकास क्षेत्र | ६९५,०१४ | ५१.४०० |
| सुदुर-पश्चिमाञ्चल विकास क्षेत्र | ४६९,७०३ | ४७.३०० |
| **पर्यावरणीय विकास क्षेत्र** | | |
| पूर्व हिमाल | ८४,८४४ | ७६.१०० |
| पूर्व पहाड | ३४६,३७३ | ७२.१०० |
| पूर्व तराई | ७९९,५२६ | ५३.४०० |

| क्षेत्र | जम्मा घरधुरी | चर्पी भएका घरधुरी (प्रतिशत) |
|---|---|---|
| मध्य हिमाल | १२२,०३४ | ६५.६०० |
| मध्य पहाड | १,०१४,७६५ | ८३.४०० |
| मध्य तराई | ८२५,४३९ | ३९.८०० |
| पश्चिम हिमाल | ४,७५३ | ६४.००० |
| पश्चिम पहाड | ६७६,९८७ | ८४.२०० |
| पश्चिम तराई | ३८३,८५९ | ५३.३०० |
| मध्य-पश्चिम हिमाल | ६८,८०२ | ५७.६०० |
| मध्य-पश्चिम पहाड | ३३२,०२५ | ४८.४०० |
| मध्य-पश्चिम तराई | २९४,१८७ | ५३.४०० |
| सुदुर-पश्चिम हिमाल | ८३,२६५ | ३७.५०० |
| सुदुर-पश्चिम पहाड | १६१,८९१ | ४६.६०० |
| सुदुर-पश्चिम तराई | २२४,५४७ | ५१.४०० |
| **जिल्ला** | | |
| कास्की * | १२५,४५९ | ९९.२०० |
| काठमाडौं | ४३५,५४४ | ९८.८०० |
| भक्तपुर | ६८,५५७ | ९७.००० |
| ललितपुर | १०९,५०५ | ९५.७०० |
| चितवन * | १३२,३४५ | ९४.१०० |
| इलाम | ६४,४७७ | ९०.५०० |

| क्षेत्र | जम्मा घरधुरी | चर्पी भएका घरधुरी (प्रतिशत) |
|---|---|---|
| पर्वत * | ३५,६९८ | ९०.३०० |
| स्याङ्जा | ६८,८५६ | ८९.६०० |
| पांचथर | ४१,१७६ | ८८.२०० |
| तनहुँ * | ७८,२८६ | ८३.९०० |
| गुल्मी | ६४,८८७ | ८१.६०० |
| म्याग्दी * | २७,७२७ | ८१.४०० |
| लम्जुङ्ग | ४२,०४८ | ८०.९०० |
| बाग्लुङ्ग | ६१,४८२ | ८०.२०० |
| संखुवासभा | ३४,६१५ | ७८.२०० |
| धनकुटा | ३७,६१६ | ७७.२०० |
| पाल्पा | ५९,२६० | ७६.३०० |
| सोलुखुम्बु | २३,७५८ | ७५.४०० |
| तेह्थुम | २२,०८४ | ७५.२०० |
| झापा | १८४,३८४ | ७४.२०० |
| ताप्लेजुङ्ग | २६,४७१ | ७३.९०० |
| काभ्रेपलान्चोक | ८०,६५१ | ७३.१०० |
| गोरखा | ६६,४५८ | ७३.००० |
| अर्घाखाँची | ४६,८२६ | ७१.६०० |
| सुर्खेत | ७२,८३० | ७१.४०० |

| क्षेत्र | जम्मा घरधुरी | चर्पी भएका घरधुरी (प्रतिशत) |
|---|---|---|
| प्युठान * | ४७,७१६ | ७१.२०० |
| ओखलढुङ्गा | ३२,४६६ | ७०.८०० |
| धाडिङ्ग | ७३,८४२ | ७०.४०० |
| दोलखा | ४५,६५८ | ६९.६०० |
| जुम्ला | १९,२९१ | ६९.३०० |
| मनाङ्ग | १,४४८ | ६५.४०० |
| सिन्धुपाल्चोक | ६६,६३५ | ६४.१०० |
| भोजपुर | ३९,३९३ | ६४.१०० |
| सुन्सरी | १६२,२७९ | ६३.९०० |
| मोरङ्ग | २१३,८७० | ६३.८०० |
| रामेछाप | ४३,८८३ | ६३.४०० |
| मुस्ताङ्ग | ३,३०५ | ६३.४०० |
| खोटाङ्ग | ४२,६४७ | ६३.४०० |
| नवलपरासी | १२८,७६० | ६२.००० |
| दाङ्ग | ११६,३४७ | ६०.९०० |
| मकवानपुर | ८६,०४५ | ५९.७०० |
| नुवाकोट | ५९,१९४ | ५९.३०० |
| रुपन्देही | १६३,८३५ | ५८.५०० |
| डडेलधुरा | २७,०२३ | ५८.५०० |

| क्षेत्र | जम्मा घरधुरी | चर्पी भएका घरधुरी (प्रतिशत) |
|---|---|---|
| कालीकोट | २३,००८ | ५६.९०० |
| रसुवा | ९,७४१ | ५६.७०० |
| कञ्चनपुर | ८२,१३४ | ५५.२०० |
| उदयपुर | ६६,५१४ | ५१.६०० |
| डोल्पा | ७,४६६ | ५०.८०० |
| हुम्ला | ९,४३७ | ५०.२०० |
| कैलाली | १४२,४१३ | ४९.२०० |
| दैलेख | ४८,९१५ | ४९.००० |
| बर्दीया | ८३,१४७ | ४८.७०० |
| मुगु | ९,६०० | ४८.४०० |
| बाँके | ९४,६९३ | ४८.३०० |
| अछाम | ४८,३१८ | ४७.६०० |
| दार्चुला | २४,६०४ | ४६.७०० |
| जाजरकोट | ३०,४६८ | ४३.८०० |
| बैतडी | ४५,१६७ | ४२.९०० |
| डोटी | ४१,३८३ | ४१.७०० |
| बाजुरा | २४,८८८ | ३८.५०० |

| क्षेत्र | जम्मा घरधुरी | चर्पी भएका घरधुरी (प्रतिशत) |
|---|---|---|
| धनुषा | १३८,२२५ | ३५.१०० |
| पर्सा | ९५,५१६ | ३५.००० |
| रुकुम | ४१,८३७ | ३४.६०० |
| सिन्धुली | ५७,५४४ | ३३.६०० |
| कपिलबस्तु | ९१,२६४ | ३१.६०० |
| बझाङ्ग | ३३,७७३ | ३०.१०० |
| सल्यान | ४६,५२४ | २९.२०० |
| बारा | १०८,६०० | २७.६०० |
| महोत्तरी | १११,२९८ | २७.५०० |
| सर्लाही | १३२,८०३ | २६.४०० |
| रौतहट | १०६,६५२ | २४.५०० |
| रोल्पा | ४३,७३५ | २१.६०० |
| सिराहा | ११७,९२९ | २१.३०० |
| सप्तरी | १२१,०६४ | २०.७०० |

स्रोतहरुः National Population and housing Census 2011, National Report, CBS, 2012

* Open Defection Free (ODF) declared districts by 2012



नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंह दरबार, काठमाडौं, नेपाल, फोनः ९७७-१-४२११६२९
इमेलः npcs@npcnepal.gov.np
वेबः www.npc.gov.np

संयुक्त राष्ट्र संघ
संयुक्त राष्ट्र संघ भवन
पोष्ट अफिस बक्स् १०७
पुल्चोक, काठमाडौं, नेपाल, फोनः ९७७-१-५५२३२००
इमेलः registry.np@undp.org
वेबः www.un.org.np, www.undp.org.np